बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा कार्यालय
धादिङ।

प्रस्ताव आह्वानको सूचना

सूचना नं. ५ प्रथम पटक प्रकाशित मिति २०८३/०८/०८

पशु सेवा कार्यालय, धादिङको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलको कार्यक्रम सञ्चालनका लागि यस धादिङ जिल्ला अन्तर्गतका इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिन (२०८३/०८/२८) भित्रमा रु. दश (१०) को हुलाक टिकट टाँसी एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय समय भित्र पशु सेवा कार्यालय, धादिङमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

<u>तपसिलः</u>

क.स.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	प्रस्तावकको न्यूनतम मापदण्ड	अधिकतम प्रोत्साहन रकम प्रति एकाई	कार्यक्रमको कुल बजेट(रु लाखमा)
१.	पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम	दुग्ध उत्पादक सहकारी संस्था/ निजी फार्म	-सहकारी संस्थाको हकमा सूचना प्रकाशित मितिले १ वर्ष पुरा भई दैनिक न्यूनतम १०० लिटर दुध संकलन गरेको हुनुपर्ने, -संस्थामा आबद्ध कृषक तथा निजी फार्मको हकमा दैनिक न्यूनतम ८ (आठ) लि. दुध बिक्री गरेको हुनुपर्ने। -पशुको बीमा गरेको कागजात पेश गर्नुपर्ने।	एक लाख रुपैया	२०
२.	मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम	लक्षित वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषक (कुमाल, चेपाङ,	प्रस्तावसँगै स्थानिय तहबाट आर्थिक विपन्नताको सिफारिस पेश गर्नुपर्ने।	एक लाख रुपैया	२०

☎ ०१०-५२०१०७
Email: vethospitaldhading@gmail.com
Website :https://lsodhading.bagamati.gov.np

२०८३/०८८

बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

पशु सेवा कार्यालय

धादिङ।

		वनकरिया, हायु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा आर्थिक रुपले विपन्न व्यक्ति)			

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१.सम्बन्धित व्यक्तिको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

२.सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परिक्षण तथा आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणको प्रतिलिपि

३.सहकारी संस्थाको हकमा आ.व. २०८२/८३ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि,

४.जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले ५ वर्षको करार सम्झौता पत्र,

५.स्थानिय तहको पशु सेवा/विकास शाखाको दोहोरो सुविधा नलिएको/नहुने बारे व्यहोरा खुलेको सिफारिस पत्र,

६.अनुसूची-४ बमोजिमको कार्य योजना,अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र,अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,अनुसूची-१४ बमोजिमको औषत दैनिक न्यूनतम ८ (आठ) लि. दुध उत्पादन गरेको प्रमाण (**पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रमको लागि मात्र**),अनुसूची-२२ बमोजिमको स्वघोषणा पत्र,

७. किसान सूचीकरण प्रणालीमा सूचिकृत भएको दर्ता नम्बर

८. सहकारी संस्थाले प्रोत्साहन रकम माग गर्दा कृषक छनोट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

९.पालेको पशु बीमा गरेको कागजात,

१०.अन्य आवश्यक कागजात।

नोट:

प्रस्तावकहरुले अनुसूची २,४,५,६,१४,१५,२२ र **एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३** यस कार्यालयको वेबसाईट ***lsodhading.bagamati.gov.np*** बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ०१०-५२०१०७ र सूचना अधिकारीको सम्पर्क नं. ९८५१३१२१०७ मा सम्पर्क गर्न सकिनेछ।